# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) धनगढी, नेपाल, साउन २४ गते, २०८१ साल (संख्या ४

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानुन मन्त्रालयको

### सूचना

<u>सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलन सम्बन्धी अध्यादेश, २०८१</u>



**प्रस्तावना:** प्रदेशमा राजस्व सङ्कलन गर्न अधिकार प्रदान गर्ने कानुन निष्प्रभावी भएको अवस्थामा कानुन बमोजिम नियमित राजस्व सङ्कलन गरी सेवा सुचारु गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकाले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलन सम्बन्धी अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मितिभन्दा एक दिन अगाडि वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मितिभन्दा एक दिन अगाडिमध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनुपर्छ।

(ख) "राजस्व" भन्नाले प्रदेशको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना सम्झनुपर्छ र सो शब्दले

प्रदेशको क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषयलाई समेत जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्रदेशभित्र राजस्व सङ्कलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनुपर्छ।

३. **यस अध्यादेश बमोजिम राजस्व सङ्कलन गर्ने अधिकार:** (१) प्रदेशमा विशेष परिस्थितिको समयमा राजस्व सङ्कलन गर्न विशेष परिस्थिति सिर्जना हुनुभन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व सङ्कलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व सङ्कलन गरिएको दरभन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि बढी दरमा सङ्कलन गर्नुपर्नेछ।

(४) प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय





तहले संकलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नुपर्नेछ।

४. **राजस्व सङ्कलन गर्न सकिने:** विशेष परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सो ऐन वा अध्यादेश बमोजिम राजस्व सङ्कलन गर्नुपर्नेछ।

५. **नियम बनाउने अधिकार:** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६. **यस अध्यादेश बमोजिम हुने:** राजस्व सङ्कलन, नियमन र बाँडफाँट गर्ने सम्बन्धमा यस अध्यादेशमा लेखिएको विषयमा यस अध्यादेश बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

७. **बचाउ:** यो अध्यादेश जारी हुनु अघि विशेष परिस्थिति सिर्जना भई सो समयमा राजस्व सङ्कलन सम्बन्धी भए गरेको कामकारबाहीहरू यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणीकरण मितिः २०८१।०४।२४**

**आज्ञाले,**
**सुशील बैद्य**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-